Govt. Regd. No. 123958/070/071

sanima
Sanima Hydropower Limited

# Sanima Hydropower Limited

मिति २०७९/०५/१०

## नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस सानिमा हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०७९ भाद्र ८ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयधनी महानुभवहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ आश्विन ०६ गते विहीबार (२२ सेप्टेम्वर, २०२२)।

समय : विहान ११:०० बजे

स्थान : अकामा होटेल, का.म.न.पा. -४, धुम्बाराही, काठमाण्डौ।

**छलफलका प्रस्तावहरू :**

**(क) साधारण प्रस्तावहरू:**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल तथा निर्णय पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणरसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने।

३. आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने।

४. संस्थापक शेयरधनीहरूको समुह 'क' को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरूको नियुक्ति/निर्वाचन गर्ने।

५. सञ्चालक समितिको बैठक भत्ता निर्धारण गर्ने।

६. कार्यकारी अध्यक्षको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।

**(ख) विशेष प्रस्तावहरू:**

१. कम्पनीको जारी पूँजीमा निम्नानुसार वृद्धि गर्ने:

(क) कम्पनीको हालको जारी पूँजी रू. ६८,४०,००,०००/- (अक्षरेपी अठ्सठ्ठी करोड चालीस लाख मात्र) बाट वृद्धि गरी जारी पूँजी रू. ९८,००,००,०००/- (अक्षरेपी अन्ठान्नब्बे करोड मात्र) गर्ने।

२. सञ्चालक समितिले प्रस्ताव गरेअनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७८/०७९ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट चुक्ता पूँजीको ९१.०३% (रू. ३७,३६,००,०००/-) बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ४.७९% (रू. १,९६,६३,१५८/-) नगद लाभांश वितरण गर्ने।

३. कम्पनीको पूँजी वृद्धि तथा पूँजीगत संरचनामा र सञ्चालक समितिमा परिवर्तत गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा निम्नानुसार संशोधन गर्ने:

(अ) प्रबन्धपत्रको दफा ६ को (ख), (घ), (ङ) र (च) तथा दफा ८ को (क) को सट्टा देहाय दफा ६ को (ख), (घ), (ङ) र (च) तथा दफा ८ को (क) कायम गर्ने :

६(ख) कम्पनीको जारी पूँजी रू. ९८,००,००,०००/-(अक्षरेपी अन्ठान्नब्बे करोड रूपैयाँ मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका ९८,००,००० (अन्ठान्नब्बे लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sanima@sanimahydro.com, Website: www.sanimahydro.com.np

६(घ) दफा ६ को (ख) अनुसारको कम्पनीको जारी पूँजीको १५ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याईएको छ । जसमध्ये १० प्रतिशत सर्वसाधारणलाई र ५ प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बाँडफाँड गर्न सकिनेछ । त्यसै गरी जारी पूँजीको ५ प्रतिशत शेयर कम्पनीका कर्मचारीहरूलाई छुट्याईएको छ ।

तर यस दफा बमोजिम आयोजना प्रभावित क्षत्रेका वासिन्दाहरूलाई र कम्पनीका कर्मचारीहरूलाई छुट्याइएको सम्पूर्ण शेयर बिक्री नभई बाँकी हुन आएमा, उक्त बाँकी हुन आएजती शेयर पनि सर्वसाधारणलाई बिक्री गरिने छ ।

६(ङ) संस्थापक समुहका शेयरधनीहरूलाई समुह "क" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ ।

६(च) सर्वसाधारण र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई सर्वसाधारण अर्न्तगत समुह "ख" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व जम्मा १५ प्रतिशत हुनेछ । कम्पनीका कर्मचारीहरूका लागि जारी गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई समुह "ग" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ५ प्रतिशत हुनेछ ।

८(क) कम्पनीको जारी पुंजीको १० प्रतिशत शेयर सर्वसाधारणलाई, ५ प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई र ५ प्रतिशत कम्पनीका कर्मचारीहरूलाई बिक्री तथा बाँडफाँड गर्न सकिनेछ ।

(आ) नियमावलीको ३१ को (१) को सट्टा देहाय ३१ को (१) कायम गर्ने :

३१(१) यस कम्पनीमा ६ (छ) जनाको सञ्चालक समिति हुनेछ । जसमा संस्थापक समुहका शेयरधनीहरूको समुह "क" को तर्फबाट मनोनित प्रकृया वा आपसी सम्झौता वा निर्वाचनको प्रक्रियाद्धारा ४ जान सञ्चालक तथा शेयरधनीहरूको समुह "ख" र "ग" को तर्फबाट मनोनित वा निर्वाचित १ जना र १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

**(ग) शेयरको सार्वजनिक निष्काशन तथा अख्तियारी सम्बन्धी प्रस्तावहरू:**

१. कम्पनीको शेयरको सर्वाजनिक निष्काशन (Initial Public Offering-IPO) गर्ने ।

२. आयोजना (उद्योग) प्रभावित क्षेत्रका बासिन्दाहरूका लागि छुट्याईको शेयरको बिक्री तथा बाँडफाँड गर्ने ।

३. कम्पनीको शेयरको सर्वाजनिक निष्काशन (Initial Public Offering-IPO) बाट प्राप्त हुने कुल रकमको उपयोग सम्बन्धी वित्तिय योजना तथा रणनीतिहरू निर्धारण गर्ने ।

४. कम्पनीको पूँजी वृद्धि तथा नियमानुसार प्रबन्धपत्र तथा नियमावलीको संशोधनको अभिलेख गर्ने, गराउने र कम्पनीको शेयरको सर्वाजनिक निष्काशन (Initial Public Offeing-IPO) का लागि आवश्यक कागजात, विवरण तथा दस्तुर संलग्न राखि सम्बन्धित नियामक निकायमा निवेदन गर्न र नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(घ) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
गायत्री थापा